मिर्चैया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामनगर,मिर्चैया,सिरहा
मधेश प्रदेश

**मिति २०७५ साल बैशाख २६ गते बसेको दसौ नगर कार्यपालिका बैठकका प्रस्तावहरु तथा निर्णयहरुः**

मिति २०७५ साल बैशाख २६ गते बुधबारका दिन नगरप्रमुख श्री श्रवण कुमार यादव ज्यूको अध्यक्षतामा एवं कार्यपालिका सदस्यहरुको उपस्थितिमा देहायको बिषयहरु माथि छलफल तथा निर्णय गरि बैठक सम्पन्न गरियो ।

<u>उपस्थितिः-</u>

१.नगर प्रमुख श्री अवण कुमार यादव -अध्यक्ष

२. नगर उप-प्रमुख श्री जिबछि देबी साह -सदस्य

३.वडा अध्यक्ष-१ श्री घनिकलाल यादव -सदस्य

४. वडा अध्यक्ष-२ श्री लक्ष्मेश्वर कापर -सदस्य

५. वडा अध्यक्ष-३ श्री हरिनारायण यादव -सदस्य

६. वडा अध्यक्ष-४ श्री दिनेश कुमार यादव -सदस्य

७. वडा अध्यक्ष-५ श्री धीरेन्द्र कुमार साह -सदस्य

८. वडा अध्यक्ष-६ श्री देवकृष्ण साह -सदस्य

९. वडा अध्यक्ष-७ श्री राम कुमार यादब -सदस्य

१०. वडा अध्यक्ष-८ श्री रामजगत यादव -सदस्य

११. वडा अध्यक्ष-९ श्री श्री मोहन प्रसाद पोखरेल -सदस्य

१२. वडा अध्यक्ष-१० श्री रामचन्द मन्डल -सदस्य

१३. वडा अध्यक्ष-११ श्री कृष्ण कुमार हजाम -सदस्य

१४. वडा अध्यक्ष-१२ श्री तपेश्वर यादव -सदस्य

१५. कार्यपालिका सदस्य श्री भगिरथ साह -सदस्य

१६. कार्यपालिका सदस्य श्री विजय कुमार साह -सदस्य

१७. कार्यपालिका सदस्य श्री  निलम कुमारी हाथि  -सदस्य

१८. कार्यपालिका सदस्य श्री  कुश्मा देवी साफी  -सदस्य

१९. कार्यपालिका सदस्य श्री  रेखा कुमारी  -सदस्य

२०. कार्यपालिका सदस्य श्री बिनु कुमारी राम  -सदस्य

२१. कार्यपालिका सदस्य श्री  सुजी देवी सदा  -सदस्य

२२. कार्यपालिका सदस्य श्री  उमेश सिंह  -सदस्य

२३.प्र.प्र. अधिकृत श्री राजेन्द्र प्रसाद पौडेल  -सचिब

**प्रस्ताव न.१ शोक प्रस्ताव सम्बन्धमा ।**

निर्णय

मिति २०७५/०१/२५ गते राति आएको हावाहुरी तुफान र वर्षाका कारण मिर्चैया नगरपालिका वडा नम्बर १९ पिपरा निवासी बर्ष ८० को सगुनी महतोको दुखद निधन भएकोमा यस कार्यपालिक बैठकबाट सोक प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव न २.देवी प्रकोप पिडीतलाई आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा ।**

निर्णय

यस नगरपालिकाको वडा नम्बर १० पिपरा निवासी सगुनी महतोको दुखद निधनप्रति मिर्चैया नगरपालिका परिवार तथा कार्यपालिका बैठकबाट दुख व्यक्त गर्दै  यस दुखतः घडीमा निजको शोक सन्तब्ध परीवारमा धैर्य धारण गर्ने शक्ति इश्वरले प्रदान गरून भन्दै यस कार्यपालिका बैठकबाट निजको परीवारलाई आर्थिक सहायता स्वरूप रकम रु. बिस हजार उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव न ३.सम्पूर्ण वडाहरूबाट यर्थाथ क्षतीको तथ्याङ्क संकलन सम्बन्धमा ।**

निर्णय

२०७५ साल बैशाख मसान्तसम्म सम्पूर्ण वडाहरुबाट यर्थाथ क्षतिको विवरण  संकलन गरि नगरपालिका कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव न. ४. सम्बन्धीत माथिका निकायहरुमा माग तथा अनुरोध गर्ने सम्बन्धमा ।**

निर्णय

यस गरपालिका भित्र भएको मानविय तथा भौतिक लगायत सम्पूर्ण क्षतिको सम्बन्धमा जिल्ला विपद ब्यबस्थापन समिति तथा जिल्ला रेडक्रस सोसाईटि समेतलाई जानकारी गराउँदै राहतको लागि अनुरोध गर्ने तथा प्रदेश सरकार र नेपाल सरकारमा समेत राहत र क्षतिपुर्तिका लागि अनुरोध गर्ने निर्णय गरियो ।